स्थानीय सरकार
ठूलीभेरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
०८७-५५१०१३
०८७-५५१०१४
जुफाल, डोल्पा
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या २०८३।०८४ (प्रशासन शाखा)

च.नः-

मितिः-२०८३।०४।२६

सुचना नं. ०१

## सहिद वा वेपत्ता परिवारका हकवालालाई सहिद स्मृति भत्ताका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका सहिद तथा बेपत्ता परिवारका हकवालालाई सहिद स्मृति भत्ता प्रदान गर्न सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८१ वमोजिम सहिद वा वेपत्ता भएका व्यक्तिको हकवालालाई सहिद स्मृति भत्ताको लागि ठूलीभेरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जुफाल डोल्पाको प्रशासन शाखामा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपसिल बमोजिमका कागजागसहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक पर्ने कागजातहरु:

१. हकवालाको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
२. हकवालको मृतकसँगको नाता खुल्ने प्रमाणित कागजात,
३. सहिद/वेपत्ता पारिएको व्यक्तिको गृह मन्त्रालय वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस वा नेपाल राजपत्रमा प्रकाशन भएको सहिद तथा बेपत्ता नागरिकको विवरणको प्रतिलिपि वा बेपत्ता पारिएका व्यक्तीको हकमा सत्यनिरुपण तथा मेलमिलाप आयोगबाट जारी गरेको परिचयपत्रको प्रतिलिपि,
४. अन्य जिल्ला वा स्थानीय तहबाट बसाईसराइ गरी आएको/गएको भए सो सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि
५. हकवालाको बैंक खाता नम्बर खुल्ने कागजात।

रत्नवीर कठायत
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

कार्यार्थः

श्री सम्पूर्ण वडा कार्यालयह सवैः सूचना टाँस गरी आवश्यक सहजिकरण गरिदिनुहुन अनुरोध छ।

स्थानीय सरकार

## ठूलीभेरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जुफाल, डोल्पा
कर्णाली प्रदेश, नेपाल

०८७-५५१०१३
०८७-५५१०१४

पत्र संख्या २०८३।०८४ (प्रशासन शाखा)

च.न:-

मिति:-२०८३।०४।२६

सुचना नं. ०१

**घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ताका लागि आवेदन पेश गर्ने सम्वन्धी सूचना।**

प्रस्तुत विषयमा जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका क्रममा घाइते अपाङ्गता भएका व्यक्तिहरुलाई जीवन निर्वाह भत्ता प्रदान गर्न घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण निर्देशिका, २०८१ मा भएको व्यवस्था बमोजिम ठूलीभेरी नगरपालिकामा रहेका घाइते अपाङ्गता भएका व्यक्तिहरुले यो सुचना प्रकाशित भएको मितीले १५ दिनभित्र यस ठूलीभेरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जुफाल डोल्पाको प्रशासन शाखामा तपसिल बमोजिमका कागजागत सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक पर्ने कागजातहरु:

१. अनुसुचि १ बमोजिमको ढाँचामा निवेदन सम्वन्धित वडा कार्यालयको सिफारिस र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
२. नेपाल सरकारवाट जारी भएको घाइते अपाङ्गता परिचयपत्रको प्रतिलिपि वा गृहमन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस वा सत्यनिरुपण तथा मेलमिलाप आयोगले जारी गरेको पीडित परिचयपत्रको प्रतिलिपि,
३. स्थानीय तहले जारी गरेको अपाङ्गता परिचयपत्रको हकमा वा सम्बन्धित गृहमन्त्रालय वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस,
४. प्रदेश स्थापनाको लागी भएको आन्दोलनको क्रममा घाईते वा अपाङ्गता भएको व्यक्तीको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको विवरण खुल्ने प्रमाणित कागजात वा सिफारिस,
५. अन्य जिल्ला वा स्थानीय तहबाट बसाईसराइ गरी आएको/गएको भए सो सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि,
६. लाभग्राहीको बैंक खाता नम्बर खुल्ने कागजात ।

..........................................
रत्नवीर कठायत
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

कार्यार्थ:

श्री सम्पूर्ण वडा कार्यालयह सबैः सूचना टाँस गरी आवश्यक सहजिकरण गरिदिनुहुन अनुरोध छ।

स्थानीय सरकार

# ठूलीभेरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

०८७-५५१०१३
०८७-५५१०१४

जुफाल, डोल्पा
कर्णाली प्रदेश, नेपाल


पत्र संख्या २०८३।०८४ (प्रशासन शाखा)

सूचना नं.०३

**विषय: आर्थिक वर्ष २०८३/०८४ का लागि मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना।**

**प्रकाशित मिति: २०८३/०४/२६**

यस कार्यालयको आर्थिक वर्ष २०८३/०८४ मा आवश्यक पर्ने निम्नानुसारका सामान तथा सेवा उपलब्ध गराउन इच्छुक इजाजतपत्र प्राप्त फर्म, कम्पनी एवं संस्थाहरूबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुदा सूची (Standing List) दर्ताका लागि सोही नियमावलीको अनुसूची-२ (क) बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ। आफूले गर्न चाहेको कार्यका लागि विषयगत छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्नेछ। रित नपुगी आएका निवेदनलाई मान्यता दिइने छैन। प्राप्त हुन आएका दरखास्तहरू सूचीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

तपसिल:

**क) आपूर्तिकर्ता (Goods) तर्फ**

1. स्टेशनरी, मसलन्द तथा कार्यालय सामग्री,
2. सरसफाइ तथा सरसफाइजन्य सामग्री,
3. फर्निचर, फिक्चर्स तथा फर्निसिङ (काठ, स्टिल तथा एल्युमिनियम) सामग्री,
4. कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, फोटोकपी, प्रोजेक्टर, UPS, नेटवर्किङ उपकरण, CCTV, बायोमेट्रिक, क्यामेरा तथा अन्य सूचना प्रविधि (II) सम्बन्धी उपकरण र तिनका पार्टपुर्जा,
5. विद्युतीय तथा इलेक्ट्रोनिक उपकरण तथा सामग्री,
6. रङ, रोगन तथा हार्डवेयर सामग्री,
7. पत्रपत्रिका, पुस्तक तथा शैक्षिक सामग्री,
8. पिउने पानी (जार, बोतल) तथा सम्बन्धित सामग्री,
9. सवारी साधन तथा सवारी साधनका स्पेयर पार्टस,
10. खानेपानी, ढल, धारा, बाथरुम तथा प्लम्बिङ सम्बन्धी सामग्री,
11. मेडिकल उपकरण, औजार, स्वास्थ्य तथा व्यक्तिगत सुरक्षा सामग्री (PPE)
12. औषधि, औषधिजन्य तथा प्रयोगशाला सामग्री,
13. कृषि, पशुपन्छी, भेटेरिनरी तथा कृषि औजार सम्बन्धी सामग्री,
14. खेलकुद सामग्री,
15. विपद् व्यवस्थापन, उद्धार, राहत तथा आपतकालीन सामग्री,
16. खाद्यान्न, तरकारी, फलफूल, दुग्धजन्य तथा अन्य उपभोग्य सामग्री,
17. सौर्य ऊर्जा तथा वैकल्पिक ऊर्जा सम्बन्धी सामग्री,
18. अन्य आवश्यक वस्तु तथा सामग्री,

**घ) परामर्श सेवा (Consulting Services) तर्फ**

1. विस्तृत आयोजना प्रतिवेदन (DPR) तयारी सेवा।
2. सम्भाव्यता अध्ययन, विस्तृत सर्वेक्षण तथा डिजाइन सेवा।
3. वातावरणीय अध्ययन (IEE, EIA, SIA तथा अन्य वातावरणीय अध्ययन)।
4. वास्तुकला, इन्जिनियरिङ डिजाइन, लागत अनुमान तथा निर्माण सुपरिवेक्षण सेवा।
5. तथ्याङ्क सङ्कलन, विश्लेषण, प्रशोधन तथा व्यवस्थापन सेवा।
6. सफ्टवेयर, वेबसाइट, सूचना प्रणाली विकास तथा सूचना प्रविधि (IT) परामर्श सेवा।
7. प्रशिक्षण, क्षमता विकास तथा अनुसन्धान सेवा।
8. वित्तीय, व्यवस्थापकीय, संस्थागत विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी परामर्श सेवा।
9. अन्य परामर्श सेवा।

**ख) निर्माण कार्य (Works) तर्फ**

1. भवन तथा अन्य भौतिक संरचनाको निर्माण, मर्मत तथा सुधार,
2. सडक, पुल, कल्भर्ट, पदमार्ग, नाली तथा अन्य यातायात पूर्वाधार निर्माण,
3. खानेपानी तथा सरसफाइ आयोजना निर्माण,
4. सिंचाइ तथा नदी नियन्त्रण सम्बन्धी निर्माण कार्य,
5. विद्युतीकरण, सडक बत्ती तथा विद्युत् पूर्वाधार निर्माण,
6. तटबन्ध, पर्खाल तथा संरक्षण संरचना निर्माण,
7. खेलमैदान, पार्क तथा सार्वजनिक संरचना निर्माण,
8. भवन, सडक तथा अन्य भौतिक संरचनाको मर्मत, सुधार तथा पुनःनिर्माण,
9. अन्य निर्माण सम्बन्धी कार्य,

**ग) सेवा प्रदायक (Non-Consulting Services) तर्फ**

1. छपाइ, प्रकाशन तथा प्रचार-प्रसार सम्बन्धी सेवा,
2. विज्ञापन प्रकाशन, प्रसारण तथा सञ्चार माध्यम सम्बन्धी सेवा,
3. कुरियर, ढुवानी तथा कार्गो सेवा,
4. सवारी साधन भाडा सेवा,
5. जनशक्ति आपूर्ति तथा आउटसोर्सिङ सेवा,
6. कार्यालय सरसफाइ तथा फोहोर व्यवस्थापन सेवा,
7. कार्यालय सुरक्षा (Security Service) प्लम्बिङ, इलेक्ट्रिकल, एल्यूमिनियम, पार्टिसन, वेल्डिङ तथा अन्य प्राविधिक सेवा,
8. कम्प्युटर, प्रिन्टर, फोटोकपी, स्क्यानर, UPS, नेटवर्किङ, CCTV, बायोमेट्रिक
9. अन्य सूचना प्रविधि (II) उपकरणहरूको AMC/CMC तथा मर्मत सेवा,
10. मेडिकल उपकरण तथा प्रयोगशाला उपकरणहरूको AMC/CMC तथा मर्मत सेवा,
11. सवारी साधन, हेभी इक्विपमेन्ट, मेसिनरी तथा तिनका स्पेयर पार्ट्सको मर्मत सेवा,
12. फर्निचर तथा फिक्चर्स मर्मत सेवा,
13. भवन, कार्यालय तथा अन्य भौतिक संरचनाको सामान्य मर्मत, सुधार तथा सम्भार सेवा,
14. कार्यक्रम व्यवस्थापन, क्याटरिङ तथा आतिथ्य सेवा,
15. बीमा, बैंकिङ तथा वित्तीय सेवा (आवश्यकता अनुसार)
16. अन्य गैर-परामर्श सेवा,

नोटः आवश्यकता अनुसार माथि उल्लेखित वर्गीकरणभित्र नपरेका अन्य वस्तु, निर्माण कार्य, सेवा तथा परामर्शसेवाहरू समेत मौजूदा सूचीमा समावेश गर्न सकिनेछ।

**निवेदनका साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरू:**

1. संस्था/फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
2. स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि,
3. मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि (VAT मा दर्ता भएको हकमा मात्र),
4. आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
5. व्यावसायिक इजाजतपत्रको प्रतिलिपि,

..............................
रत्नवीर कठायत
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत